# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्डः ३ संख्याः ४ प्रकाशित मितिः २०७६/०८/१९

## भाग-१

# रोङ गाउँपालिकाको सहकारी ऐन, २०७४ मा संशोधन
## (संशोधित अंश मात्र)

रोङ गाउँपालिका
२०७३

**रोङ गाउँपालिकाको सहकारी ऐन, २०७४ मा तल लेखिए बमोजिम संशोधन भएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।**

# **रोङ गाउँपालिकाको सहकारी ऐन, २०७४ (संशोधित अंशमात्र)**

यस रोङ गाउँपालिकाको गाउँसभाबाट पारित भएको सहकारी ऐन, २०७४ मा भएका व्यवस्थाहरुमा तपशिल बमोजिम संशोधन गर्न आवश्यक भई संशोधन गरिएको छ।

सहकारी ऐनको **प्रस्तावना** मा (सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघसंस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न) भन्नेमा ( नेपालको संविधानको अनुसूची ८ को एकल अधिकार सूची अन्तर्गत रहेको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ को खण्ड ख ) भन्ने बुँदा थप भएको छ।

**परिच्छेद -१ को दफा २ परिभाषा को खण्ड (च)** मा ("मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ ।) भएकोमा ("मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय र प्रदेश मन्त्रालय सम्झनुपर्छ) भनि संशोधन गरिएको छ ।

**(ज) मा** ("रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ) भन्ने व्यवस्था भएकोमा **("रजिष्ट्रार" भन्नाले संघीय कानूनले तोकेकोमा संघीय रजिष्ट्रार, प्रदेशको कानूनले तोकेकोमा प्रादेशिक रजिष्ट्रार र स्थानीय तहको हकमा प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।)** भनि संशोधन गरिएको छ ।

**(ट)** मा ("विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ।) भन्ने उल्लेख भएकोमा ("विभाग" भन्नाले संघ तथा प्रदेश कानून बमोजिम गठित सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ।) भनि संशोधन गरिएको छ ।

**(ठ)** मा ("शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्छ) भन्ने व्यवस्था भएकोमा (शेयर पूँजीको विभाजित अंश) भन्ने शब्द थप गरिएको छ ।

**परिच्छेद-२, दफा ५ उपदफा (१)** मा (यस ऐन बमोजिम गठन भएका सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ) भन्ने उल्लेख भएकोमा (सहकारी संस्थाले दर्ताका लागि दर्ता शुल्क रु ५००। बुझाई नगदी रसिद सहित दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।) भन्ने व्यवस्था थप गरिएको छ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्ने क देखि ग सम्मको व्यवस्था राखिएकोमा तपशिलको घ देखि ञ सम्मको व्यवस्था थप गरिएको छ ।

(घ) सदस्यहरुको स्थायी तथा अस्थायी बसोबासको प्रमाण,
(ङ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
(च) संस्थापकहरुको तीनपुस्ते विवरण,
(छ) संस्थाको प्रस्तावित आगामी ३ वर्षको व्यावसायिक कार्ययोजना,
(ज) संस्थाको कार्यालय रहने सम्बन्धित वडा कार्यालयको सिफारिस,
(झ) विषयगत जिल्ला संघ वा जिल्ला सहकारी संघको सिफारिस,
(ञ) तोकिए बमोजिम अन्य विवरण ।

**परिच्छेद-४ को दफा १९ को विनियम र आन्तरिक कार्यविधिमा संशोधन :** उपदफा (१) मा (संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।) भन्ने उल्लेख भएकोमा (कुल सदस्य संख्याको बहुमतबाट संस्थाको नाम, प्रकृति, ठेगाना, विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ) भन्ने बुँदा थप गरिएको छ ।

**<u>परिच्छेद–५, २०. संस्थाको सदस्यता</u>:** को उपदफा (१) मा (अठार वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन्) भन्ने उल्लेख भएकोमा **(<u>सोह्र</u>** वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन्) भनि संशोधन भएको छ ।

**२२. <u>सदस्य हुन नपाउने</u>:** सम्बन्धी उपदफा (१) र (२) को व्यवस्था भएकोमा उपदफा (३) थप गरिएको छः

(३) तर स्वास्थ्य शिक्षा तर्फ यो दफा लागू हुनेछैन साथै जिल्ला सहकारी संघमा सदस्यता हुन बाधा पर्नेछैन ।

**<u>परिच्छेद –६, दफा २८ साधारणसभाको बैठकः</u>** को उपदफा (२) को खण्ड (घ) मा (विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ **<u>पच्चीस प्रतिशत</u>** सदस्यले समिति समक्ष निवेदन दिएमा) भन्ने व्यवस्था भएकोमा (विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ **<u>पन्ध्र प्रतिशत</u>** सदस्यले समिति समक्ष निवेदन दिएमा)) भन्ने संशोधन गरिएको छ।

**परिच्छेद–७, दफा ३९ मा <u>सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने</u> :** उपदफा (३) (संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइनेछैन) भन्ने व्यवस्थालाई (संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित संस्थाको कार्यविधिले तोकेबमोजिम हुनेछ) भनी संशोधन गरिएको छ ।

उपदफा (७) मा (संस्थाले शेयर पूँजी कोषको १० गुणासम्म वचत संकलन गर्न सक्नेछ।) भन्ने व्यवस्था भएकोमा (संस्थाले प्राथमिक पूँजी कोषको १५ गुणासम्म वचत संकलन गर्न सक्नेछ) भनी संशोधन गरिएको छ ।

**<u>दफा ४० उपदफा (१) मा</u>** (संघीय कानून बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ) भन्ने व्यवस्था भएकोमा (संघीय कानून बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ र संस्थाले त्यसको पालना गर्नुपर्नेछ । स्थानीय सहकारी ऐन सोही बमोजिम हुनेछ) भनि संशोधन गरिएको छ।

**<u>दफा ४१ व्यक्तिगत बचतको सीमा</u>** मा (संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ ) भनी सीमा तोकिएकोमा (संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।) भन्ने व्यवस्था राखिएको छ।

**<u>परिच्छेद –८ दफा ४३ को उपदफा</u>** <u>(३)</u> मा: (संस्थाले वचत खाताहरु मात्र संचालन गर्न सक्नेछ) भन्ने व्यवस्था भएकोमा (संस्थाले सबै प्रकारका वचत खाताहरु संचालन गर्न सक्नेछ ।भनी संशोधन गरिएको छ।

**<u>परिच्छेद –९ दफा ४६ को उपदफा (१) को खण्ड (ङ)</u>** मा (विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम) भनी उल्लेख भएकोमा (मन्त्रालयको स्वीकृती लिनुपर्नेछ) भन्ने थप गरिएको छ ।

**<u>परिच्छेद –९ दफा ५० अन्य कोष सम्बन्धी व्यबस्था</u>** को उपदफा (२) मा (उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ । तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन ।) भन्ने व्यवस्था भएकोमा (शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन) भनि संशोधन भएको (साथै शेयर लाभांशमा छुट्याएको रकम सोही आर्थिक वर्षमा सदस्यलाई वितरण गर्नुपर्नेछ । यदी सो आर्थिक वर्षमा वितरण गर्न नसकेमा जगेडा कोषमा जम्मा हुनेछ) भन्ने थप गरिएको छ ।

**<u>परिच्छेद –१० दफा ५२ मा</u>** देहाय बमोजिम उपदफा (२) र (३) थप गरिएको छ (२) दफा १ बमोजिमको विवरण पेश नगरेमा रु १००० (एक हजार) देखि १०००० (दश हजार) सम्म जरिवाना हुनेछ ।

(३) प्रत्येक प्रारम्भिक सहकारी संस्थाले प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र तोकिएको ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष मासिक प्रगति विवरण पेश गर्नुपर्नेछ)

**परिच्छेद – ११ दफा ५६ <u>लेखा र लेखापरीक्षण को मा उपदफा</u>** (३) र (४) को बीचमा देहाय बमोजिम उपदफा (४) थप गरी उपदफा (४) लाई (५) हुने गरी संशोधन एवं थप गरिएको छ । (४) उपदफा ३ को परिस्थिति सिर्जना भएमा सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गराउन सक्नेछ । सोभन्दा पछि लगत्तै बस्ने साधारण सभामा लेखा परीक्षण प्रतिवेदनको अनुमोदन गराउनु पर्नेछ ।

**<u>परिच्छेद –१२ दफा ५७ छुट, सुविधा र सहुलियत उपदफा (१)</u>** मा (संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानून बमोजिम हुनेछ ।) भन्ने व्यवस्था भएकोमा (संघीय कानून भन्ने शब्दको पछाडी एवं प्रदेश कानून भन्ने शब्द थप गरी) संशोधन गरिएको छ ।

**<u>परिच्छेद–१३ दफा ५९ कालो सूची सम्बन्धी व्यवस्था</u>** मा (संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।) भन्ने व्यवस्था भएकोमा संघीय कानून भन्ने शब्दको पछाडी <u>एवं प्रदेश कानून शब्द थप गरी</u> ) संशोधन गरिएको छ ।

**दफा ६० <u>कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था</u>** मा (कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।) भन्ने व्यवस्था भएकोमा (संघीय कानून भन्ने शब्दको पछाडी **<u>एवं प्रदेश कानून</u>** थप गरी) संशोधन गरिएको छ।

**<u>परिच्छेद–१४ दफा ६७ लिक्वीडेटरको नियुक्तिः</u>** को उपदफा (२) मा (उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमासम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीलेकुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।) उल्लेख भएकोमा (अधिकृतस्तर र कर्मचारी भन्ने शब्दको बीचमा <u>वा</u> शब्द थप गरी) संशोधन गरिएको छ।

**<u>दफा ६८ लिक्वीडेशन पछिको सम्पतिको उपयोगः</u>** मा (कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।) उल्लेख भएकोमा
(संघीय कानून शब्दको पछाडी **<u>एवं प्रदेश कानून</u>** शब्द थप गरी) संशोधन गरिएको छ ।

**परिच्छेद –१६ दफा ७३ मा देहाय बमोजिम उपदफा** (४) थप गरिएको छ ।(४) (गाउँपालिका कार्यक्षेत्र रहेका संस्था र गाउँपालिका भन्दा बढी कार्यक्षेत्र भई गाउँपालिकामा सेवाकेन्द्र वा सम्पर्क कार्यालय रहेका सम्पूर्ण संस्थाहरुको गाउँ सहकारी समन्वय समिति मार्फत कम्तीमा वर्षको एकपटक निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाइने छ । सो प्रयोजनमा लागि गाउँपालिकासँग जनशक्तिको पर्याप्तता नभएमा गाउँपालिकाले बाह्य स्रोत विधिको समेत प्रयोग गर्न सक्नेछ । सो काममा लागि खटिने पदाधिकारी तथा जनशक्तिको सेवा सुविधा तोकिए बमोजिम हुनेछ । अनुगमनका क्रममा सम्बन्धित वडाका जनप्रतिनिधिहरुलाई समेत रोहबरमा राख्न सकिनेछ ।)

**७५. <u>आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः</u>** मा देहाय बमोजिम उपदफा (२) थप गरिएको छ ।
(२) (सहकारी बचत तथा सुरक्षण कोष तोकिए अनुसार सञ्चालन हुनेछ ।)

**परिच्छेद –१७ दफा ७८ <u>व्यवस्थापन समितिको गठन</u>** को उपदफा (२) मा (उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।) भन्ने व्यवस्था भएकोमा ((२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा सम्बन्धित संस्थाका सदस्यहरुबाट गाउँ सहकारी समितिले तोके वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ) भनि संशोधन गरिएको छ । र सोही दफामा देहाय बमोजिम उपदफाहरु थप गरिएको छ ।

३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिको गठन भएपश्चात संस्थामा कार्यरत सम्पुर्ण समितिहरु स्वतः विघटन भई कर्मचारी प्रशासन स्वतः निलम्बित हुनेछ ।

(४) उपदफा (३) बमोजिम निलम्बित कर्मचारी प्रशासन मध्ये कामको अवश्यक्ताको आधारमा केही कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिको कामको जिम्मेवारी तीक्न सक्नेछ ।

(५) व्यवस्थापन समितिले जिम्मेवारी प्राप्त गरेको १ वर्षभित्रमा सम्पत्ति तथा दायित्वको आवश्यक व्यवस्थापन सहित संस्था पुनः संचालन हुन सक्ने भएमा नयाँ समितिको निर्वाचन गरी र संस्था सञ्चालन हुन नसक्ने भएमा लिक्युडेसनको सिफारिस गाउँ सहकारी समितिसमक्ष पेश गर्नुपर्नेछ ।

(६) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमीजिम हुनेछ ।

**परिच्छेद-१८ दफा ८१** **को उपदफा** (१) खण्ड (च) मा (प्राथमिक पूँजी कोषको दश गुणा भन्दा बढी हुने गरी बचत संकलन गरेमा) भन्ने व्यवस्था भएकोमा (प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढी हुने गरी बचत संकलन गरेमा) र खण्ड (छ) मा (शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा) भन्ने व्यवस्था भएकोमा (शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा) भनी संशोधन गरिएको छ ।

**दफा ८२ को उपदफा (२)** मा उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ । भन्ने व्यवस्था भएकोमा **बैङ्क खाता रोक्का राखी** भन्ने शब्दको पछाडी **सम्बन्धित निकायले** थपगरी संशोधन गरिएको छ ।

**दफा ८६ मा** दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ । भन्ने उल्लेख भएकोमा (दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा न्यायिक समिति वा जिल्ला अदालतबाट हुनेछ ।) भनि संशोधन गरिएको छ।

**परिच्छेद-१९ दफा (९७) पछि रहेको (९८) लाई दफा (९९) कायम गरी देहाय बमोजिम दफा (९८) थप गरिएको छ ।**

**दफा ९८ प्रोत्साहन गर्न सकिने : संस्थाको प्रबर्धनका लागि उल्लेखनिय योगदान गर्ने संस्था, संचालक, व्यक्ति उपर प्रचलित कानून बमोजिम ऐन लागू हुने छैन ।**

**दफा १०० नियम बनाउने अधिकार** लाई दफा १०७ कायम गरी दफा ९९ र दफा १०७ का बीचमा देहाय बमोजिम दफा १०१, १०२, १०३, १०४, १०५ र १०६ थप गरिएको छ ।

**(१०१) गाउँ सहकारी समन्वय समितिको गठन:** गाउँपालिका भित्र सहकारी संस्थामा सुशासन पारदर्शिता, प्रोत्साहन, प्रवर्धन व्वसायिकता विवाद समाधान सहकारी विकास लगायतका कार्य गर्न एक गाउँ सहकारी समन्वय समिति गठन गरिनेछ । गठन हुने गाउँ समितिमा देहाय बमोजिम सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| (क) | अध्यक्ष — | संयोजक |
| (ख) | उपाध्यक्ष — | उप संयोजक |
| (ग) | आर्थिक विकास समितिको संयोजक — | सदस्य |
| (घ) | गाउँपालिकाका प्रारम्भिक सहकारी संस्थाका अध्यक्ष मध्येबाट विषयगत सहकारीको प्रतिनिधित्व समेतलाई विचार गरी कम्तिमा एक महिला सहित कार्यपालिकाले मनोनित गरेका तीनजना — | सदस्य |
| (ङ) | सहकारी अभियानका अग्रज अभियन्ता तथा विषयविज्ञ मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका दुई जना — | सदस्य |
| (च) | प्रमुख प्रशासकीय अधिकृत/आर्थिक विकास शाखा प्रमुख — | सदस्य |

**(१०२) गाउँ सहकारी समन्वय समितिको काम, कर्तव्य र अधिकार:** गाउँ सहकारी समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सहकारी सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृतिक हित अभिवृद्धिको कार्य गर्ने,

(ख) प्रक्रिया पूरा गरी ऋण लगानी गर्ने तथा सहकारीका आधारभूत मूल्य मान्यता र सिद्धान्त विपरित कार्य गर्न सहकारी संस्थाहरुलाई कारबाहीको लागि सिफारिस गर्ने,

(ग) नगर भित्रका सहकारी विवाद उत्पन्न भएमा विवादहरुको समाधानका लागि आवश्यक सुझाव दिने,

(घ) सहकारी संस्थामा विवाद उत्पन्न भएमा विवादहरुको समाधानका लागि आवश्यक पहल गर्ने,

(ङ) सहकारी सम्बन्धी ऐन नियम कार्यविधि तथा मापदण्ड सम्बन्धी विषयमा आवश्यक सुझाव दिने,

(च) गाउँपालिका क्षेत्रभित्र सहकारीको प्रवर्धन र विकासका लागि योजना बनाई गाउँपालिकासमक्ष पेश गर्ने,

(छ) गाउँपालिका मार्फत सहकारिताको प्रवर्धन र विकासमा गरिने बजेट विनियोजन र कार्यान्वयनमा सल्लाहकारको भूमिका निर्वाह गर्ने ।

(ज) न्यूनतम वर्षमा एकपटक गाउँपालिका भत्र सञ्चालित प्रारम्भिक सहकारी संस्था र सेवा केन्द्रहरुको निरीक्षण गर्ने गराउने ।

**(१०३) <u>सहकारी योगदान कोष</u>:** (१) सहकारी विकास, प्रवर्धन, शिक्षा, अनुगमन, तालिमका लागि योगदान कोषमा ३ वर्ष अगाडी दर्ता भएका सहकारी संस्थाहरुले तोकिए बमोजिमको रकम योगदान कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा संस्थाहरुले प्रत्येक आर्थिक वर्षको पौष मसान्त सम्ममा रकम जम्मा गर्नु पर्नेछ ।

(३) योगदान कोषमा गाउँपालिकामा दर्ता रहेका, अन्य गाउँपालिका र नगरपालिकामा ठेगाना भई यस गाउँपालिका भित्र सेवाकेन्द्र खोली वा नखोली कारोबार गर्ने संस्थाहरुले समेत तीकीउ बमोजिमको योगदानकोषमा रकम जम्मा गर्नुपर्नेछ ।

(४) योगदान कोषमा संस्थाले प्रत्येक आर्थिक वर्षको वासलातको आधारमा पौष मसान्तसम्ममा निम्न अनुसारको रकम जम्मा गर्नुपर्नेछ ।

(क) रु. ५० लाख भन्दा कम वासलात भएमा रु. १०००।

(ख) रु. ५० लाख देखि ५ करोडसम्म वासलात भएमा रु. २०००।

(ग) रु. ५ करोड एक देखि २५ करोड सम्म वासलात भएमा रु. ३०००।

(घ) रु. २५ करोड एक देखि ५० करोड सम्म वासलात भएमा रु. ४०००।

(ङ) रु.५० करोड एक देखि ७५ करोड सम्म वासलात भएमा रु. ५०००।

(च) रु. ७५ करोड एक देखि १ अर्व सम्म वासलात भएमा रु. ६०००।

(ज) रु. १ अर्व भन्दा माथि रु. ७०००।

**(१०४) <u>कोषको परिचालन</u>:** दफा १०४ को उपदफा (४) बमोजिमको कोषमा जम्मा हुने रकम परिचालनका लागि गाउँ सहकारी समितिबाट कार्यविधि बनाई लागू गरिनेछ ।

**(१०५) <u>व्यवसाय कर</u> :** नेपाल सरकार र प्रदेश सरकारबाट तोकिएको कर व्यवस्था अनुसार व्यवसाय कर लगायत अन्य करहरु गाउँपालिका भित्रका सहकारी संस्थाहरुमा लागू गरिनेछ ।

**(१०६) <u>पुरस्कार तथा सम्मान</u>:** रोङ गाउँपालिका सहकारी समितिको सिफारिसमा रोङ गाउँपालिकाका तर्फबाट गाउँपालिकाभित्र सञ्चालित सफल सहकारी संस्था, उत्कृष्ट सञ्चालक, कर्मचारी तथा सदस्यहरुलाई वार्षिक रुपमा छनोट गरी सम्मान गरिनेछ ।

**<u>(१०७) नियम बनाउने अधिकार</u> यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।**

**दफा १०१ लाई देहाय बमोजिम दफा १०८ कायम गरी देहाय बमोजिम संशोधन समेत गरिएको छ ।**

**(१०८) <u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने</u>** (उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार संघीय/प्रादेशिक विभाग, नेपाल राष्ट्र बैङ्क र सम्बन्धित सरोकारवाला निकायको परामर्श लिन सकिनेछ ।)

देहाय बमोजिम दफा १०९ र ११० थप गरिएको छ ।

**(१०९) <u>बचाऊ</u>:** (१) सहकारी ऐन, २०७४ अनुसार दर्ता भई गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्था यसं ऐन बमोजिम दर्ता तथा सञ्चालन भएको मानिनेछ ।

(२) रोङ गाउँपालिका, गाउँ कार्यपालिकाबाट सहकारी सम्बन्धी भए गरिएको कार्य यसं ऐनअनुसार भए गरेको मानिनेछ ।

**११०. <u>खारेजी हुने</u>:** संघीय सहकारी ऐन र प्रादेशिक सहकारी ऐनसँग कुनै दफा बाझिएको हदसम्म स्वतः खारेज हुनेछन् ।)

**आज्ञाले,**

**डिक प्रसाद दाहाल**

**रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत**